नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
मीनभवन, काठमाडौं

(प्रकाशित मिति : २०८०।०४।२३)

## सूचना ! सूचना !!

मुलुकको उद्योग, प्रतिष्ठान, व्यवसाय र सेवाको क्षेत्रमा श्रम सम्वन्धी कानुनहरु प्रभावकारी कार्यान्वयन गर्ने तथा श्रमिकहरुको लागि सुरक्षित र मर्यादित कार्य-वातावरण सिर्जना गर्दै असल श्रम सम्वन्ध स्थापित गराउन प्रथम चरणमा कम्तीमा ५०० भन्दा बढी श्रमिक कार्यरत रहेका प्रतिष्ठानहरुका सम्वन्धमा तपसिलमा उल्लिखित विषयवस्तुमा यस विभागको मोवाइल नं. ९८५१३५०४५१ मा सामाजिक सञ्जाल Viber, WhatsApp, Twitter मार्फत प्रतिष्ठानको नाम ठेगाना सहित सूचना उपलब्ध गराइदिनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

तपसिल

१. श्रम ऐन, २०७४ को दफा ११ बमोजिम नियुक्तिपत्र वा रोजगार सम्झौता नगरी काममा लगाएको
२. न्यूनतम पारिश्रमिक कार्यान्वयन नभएको
३. श्रम ऐन, २०७४ को दफा ५८ र दफा ५९ बमोजिम इजाजतपत्र नलिई श्रमिक आपूर्ति गर्ने र त्यस्तो आपूर्तिकर्ता मार्फत श्रमिक आपूर्ति गरी काममा लगाइएका प्रतिष्ठानहरु
४. नियमित रोजगारी प्रकृतिको मुख्य काममा आपूर्तिकर्ता मार्फत काममा लगाइएको
५. बालश्रम प्रयोग गरेको
६. बोनस ऐन, २०३० को दफा ४ अनुसार बासलातमा नाफा नोक्सानको विवरण सम्बन्धित श्रम तथा रोजगार कार्यालयमा पेश नगरेको, राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा नगरेको
७. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भई योगदान नगरेको
८. श्रम इजाजत प्राप्त नगरी विदेशी नागरिकले काम गरेको ।

२०८०।४।२३
निर्देशक (प्रा.)